# मन्थली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति : २०८१।०१।२८

मन्थली नगरपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम देहायका पदका लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८१/०२/१२ गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यताः

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ८-०८०/८१ | मेडिकल अधिकृत | सेवा करार | अधिकृत आठौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एब.बि.बि.एस. उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको । | मन्थली अस्पताल |
| २ | ९-०८०/८१ | सूचना प्रविधि अधिकृत | सेवा करार | अधिकृत छैठौं | १ (एक) | लोक सेवा आयोगले कम्प्युटर अधिकृत पदको लागि तोकेको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा Information Technologies वा सो सरहको विषय BIT, BIM, BBIS, BCA, BCIS,BEIT, BSCIT, BXCCSIT मध्ये कुनै एक विषयमा स्नातक गरेको। साथै काउन्सिलमा दर्ता हुनु पर्नेको हकमा दर्ता/नविकरण भएको । | मन्थली न.पा. कार्यालय |

२. संलग्न गर्नु पर्ने कागजातहरु :

क) दरखास्त फारम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्र (दर्ता हुनु पर्नेको हकमा मात्र) को प्रतिलिपि (ङ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि (च) प्रचलित कानुनले अयोग्य नठहरिएको । (छ) राजश्व बुझाएको रसिद ।

३. उमेर हदः मेडिकल अधिकृतक लागि २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको र सूचना प्रविधि अधिकृतका लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।

४. दरखास्त फारम : यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np बाट डाउनलोड गरी वा कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।

५. दरखास्त दस्तुर तथा फारम दर्ता : मेडिकल अधिकृतका लागि रु १२००/ (एक हजार दुई सय मात्र) र सूचना प्रविधि अधिकृतका लागि रु. १०००/ (एक हजार मात्र) यस कार्यालयको राजश्व उपशाखामा नगदै बुझाई वा यस कार्यालयको नाममा रा.बा.बैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग-१-१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै रसिद पेश गर्नु पर्ने । साथै दरखास्त मन्थली नगरपालिकाको ईमेल ito.manthalimun@gmail.com मा समेत पठाउन सकिने छ ।

६. छनौटको किसिम : छोटो सूची प्रकाशन र लिखित/प्रयोगात्मक एवं अन्तर्वार्ता परीक्षा ।

७. परीक्षा मिति : छोटो सूची (Short list) को सूचना प्रकाशन हुँदा तय गरिने छ ।

८. सेवा तथा सुविधा : सम्बन्धित पदका लागि चालु आ.ब.मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलबमान र अन्य सुविधाको हकमा आपसि समझदारीमा निर्धारण हुनेछ ।

९. करार अवधि : २०८१ असार मसान्त सम्म । (सेवाको आवश्यकता र कार्यसम्पादन मूल्यांकनका आधारमा करार नियमानुसार समयावधि थपहुने ।)

नोटः थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको मन्थली नगरपालिकाको website/Facebook page वा कार्यालयको सोधपुछ कक्ष/फोन नं ०४८-५४०५३२ मा हेर्न/सम्पर्क गर्न सकिने छ ।

छनौट तथा सूचीकरण समिति